# धादिङ जिल्ला अदालत
# धादिङबेशी




☎:०१०-५२०४१२
**email@:info.dcdhading@supremecourt.gov.np**
admin.dcdhading@supremecourt.gov.np
नीलकण्ठ न.पा.०३,धादिङवेशी, धादिङ

# आर्थिक वर्ष २०७७/०७८ को
# वार्षिक प्रतिवदेन



यस अदालतका माननीय जिल्ला न्यायाधीश देवेन्द्र पौडेलको मिति २०७८ साल जेष्ठ २१ गते शुक्रवार विहान भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहत भएका छौं। उहाँको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ। यस अदालतमा सेवारत रहँदा उहाँले स्वतन्त्र न्यायपालिकाको मूल्य मान्यततालाई स्थापित गर्न एवं न्याय र कानूनका क्षेत्रमा पुऱ्याउनु भएको योगदान अतुलनीय रहेको छ। कानूनको क्षेत्रमा दख्खल राख्ने निर्भिक, सरल, अत्यन्तत मिलनसार, विवेकशील, न्यायका मर्मज्ञ एवं अनुभवी न्यायिक व्यक्तित्वका रुपमा रहनुभएका स्वर्गीय श्रीमान न्याय र कानूनका क्षेत्रमा आदर्श व्यक्तित्व हुनुहुन्थ्यो। उहाँको योगदान भावी पुस्ताका लागि सदैव प्रेरणादायी र मार्गदर्शक रहिरहने छ।

झापा जिल्लामा वि.स.२०२१ साल साउन ५ गतते जन्मनु भएका जिल्ला न्यायाधीश स्व.देवेन्द्र पौडेलको २०५०।०४।०१ देखि नेपाल न्याय सेवामा शाखा अधिकृतको पदबाट सेवा प्रारम्भ गर्नुभएको थियो। उहाँ मिति २०७०।०२।२७ मा जिल्ला न्यायाधीश पदमा नियुक्त हुनुभएको थियो।

उहाँको निधनले यस अदालतका सम्पूर्ण कर्मचारी मर्माहित छौं। उहाँको आत्माको चीर शान्तीको कामना तथा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरिएको छ।

रमेशप्रसाद ज्ञवाली)

(जिल्ला न्यायाधीश)

तथा

धादिङ जिल्ला अदालत परिवार

## परिच्छेद-एक
# प्रारम्भिक

### १.१ पृष्ठभूमिः

न्याय विना शान्ति र शान्ति विना विकाश संभव छैन। नागरिकका हक अधिकारको संरक्षण सम्वर्धन गर्दै विकास र सम्वृद्धि प्राप्त गर्ने दिशामा न्यायपालिका र न्यायपालिकाको सेवा प्रवाह अपरिहार्य रहेको छ। संविधान, कानून तथा न्यायका मान्यसिद्धान्त अनुरूप नागरिकका हक अधिकारको संरक्षण एवं प्रचलनका लागि स्वतन्त्र एवं सक्षम न्यायपालिकाको आवश्यकता रहेको हुन्छ। मुलुकको शासन संचालनको मूल दस्तावेजको रुपमा रहेको संविधानको व्याख्याताको रुपमा न्यायपालिका रहेकाले संविधान र सो अन्तर्गत बनेका कानून नियमको उल्लंघनमा औपचारिक न्याय प्रदान गर्ने काम न्यायपालिकाले गर्दछ।

नेपालको संविधानको भाग ११ धारा १२६ मा नेपालको न्याय सम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिनेछ भन्ने व्यवस्था रहेको छ भने धारा १२७ मा नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहका अदालत तथा कानून बमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने व्यवस्था गरेको छ। धारा १५२ को उपधारा (१) मा उल्लेखित तीन तहका अदालत बाहेक खास प्रकृतिका मुद्दाहरुको कारबाही र किनारा गर्न संघीय कानून बमोजिम अन्य विशिष्टिकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने व्यवस्था गरेको छ भने सोही धाराको उपधारा (२) मा एक वर्षभन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दा अदालत वा विशिष्टिकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरण बाहेक अन्य अर्द्ध न्यायिक निकायले हेर्न नपाउने व्यवस्था गरेको छ।

### १.२ जिल्ला अदालतको अधिकार क्षेत्रः

नेपालको संविधानले नेपालमा तीन तहका अदालतको व्यवस्था गरे अनुसार जिल्ला अदालत शुरू तहको अदालतको रुपमा रहेको छ। नेपालको संविधानको धारा १५१ को उपधारा (१) मा जिल्ला अदालतलाई संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकार क्षेत्रभित्रका सम्पूर्ण मुद्दाको शुरु कारबाही र किनारा गर्ने, बन्दी प्रत्यक्षीकरण, निषेधाज्ञा लगायत कानून बमोजिमका निवेदन हेर्ने, अर्द्ध न्यायिक निकायले गरेको निर्णय उपर कानून बमोजिम पुनरावेदन सुन्ने, प्रदेश कानून बमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णय उपर पुनरावेदन सुन्ने तथा आफू र आफ्नो मातहतका अदालतहरुको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको

अवज्ञा गरेमा संघीय कानून बमोजिम अवहेलनामा कारबाही र सजाय गर्न सक्ने अधिकार रहेको छ। जिल्ला अदालतलाई संविधान र कानून अनुसार देहायको अधिकार क्षेत्र रहेको पाइन्छ।

क. **<u>शुरु मुद्दामा कारबाही र किनारा गर्नेः</u>-** नेपालको संविधानको धारा १५१ को उपधारा (१) मा जिल्ला अदालतलाई संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकार क्षेत्रभित्रका सम्पूर्ण मुद्दाको शुरु कारबाही र किनारा गर्ने, बन्दी प्रत्यक्षीकरण, निषेधाज्ञा लगायत कानून बमोजिमका निवेदन हेर्ने अधिकार रहेको छ। न्याय प्रशासन ऐन,२०७३ को दफा ७ र मिति २०७५।०५।०१ गतेदेखि लागु भएका संहिताहरुमा भएका व्यवस्था अनुसार देवानी मुद्दाको हकमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को परिच्छेद ३, दफा १८ वमोजिम र फौजदारी मुद्दाको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद ४, दफा ४५ र परिच्छेद १६, दफा १६९ वमोजिम प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो भौगोलिक क्षेत्रभित्रको सबै मुद्दामा शुरु कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार रहेको छ। सोही अनुसार यस धादिङ जिल्ला अदालतलाई समेत क्षेत्राधिकार भित्र पर्ने मुद्दा मामिलाको काम कारवाही कानून अनुरुप सम्पादन गरि आएको छ।

ख. **<u>अन्तरिम, अन्तरकालिन वा अन्य आदेश गर्ने अधिकारः</u>-** मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ को उपदफा (२) वमोजिम जिल्ला अदालतमा विचाराधिन मुद्दासँग सम्बन्धित घर, जग्गा, शेयर, बैंक खाता आदि बेचबिखनवा हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्ने मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ को उपदफा (४) बमोजिम रोक्का राखेको आदेश वदर गर्न सक्ने, घरेलु हिंसा (नियन्त्रण र सजाय) ऐन, २०६६ अन्तर्गत तत्कालका लागि गर्नु पर्ने व्यवस्थाका लागि उपयुक्त संरक्षणात्मक आदेश जारी गर्ने तथा निषेधाज्ञाको निवेदनमा विवादित सम्पत्ति यथास्थितिमा राख्न अन्तरिम आदेश जारी गर्ने व्यवस्था रहेको पाइन्छ।

ग। **<u>अदालतको अवहेलनामा कारबाही चलाउने र सजाय गर्ने अधिकारः</u>-** नेपालको संविधानको धारा १५१ को उपधारा (१) मा जिल्ला अदालतलाई आफू र आफ्नो मातहतका अदालतहरुको न्याय सम्पादनको कार्यमा कसैले बाधा अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा संघीय कानून बमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने अधिकार रहेको छ। त्यसैगरी न्याय प्रशासन ऐन, २०७३ को दफा १७ (३) बमोजिम जिल्ला अदालतले आफ्नो अवहेलनामा मुद्दा चलाउने वा जिल्ला अदालतको अवहेलना भएको छ भनी दायर भएको निवेदन उपर कारबाही गरी १ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय वा अन्य उपयुक्त आदेश गर्न पाउने अधिकार रहेको छ। अदालतको अवहेलनामा कारवाही चलाई जिल्ला अदालतले समेत सर्वोच्च र उच्च अदालत सरहको सजाय गर्न सक्ने गरी जिल्ला अदातललाई जिम्मेवारी थप गरेको देखिन्छ।

घ. **<u>फैसला कार्यान्वयन गर्ने अधिकारः</u>-** जिल्ला अदालतलाई नेपालका सबै अदालत तथा न्यायिक निकायहरुले गरेका फैसला कार्यान्वयन गर्ने अधिकार रहेको छ भने जिल्ला अदालत नियमावली, २०७५ को परिच्छेद १० मा फैसला कार्यान्वयन सम्बन्धी कार्यविधिको समेत व्यवस्था गरेको पाइन्छ।

**ङ. <u>पुनरावेदकीय अधिकारः</u>-** नेपालको संविधानको धारा १५१ को उपधारा (१) मा जिल्ला अदालतलाई अर्द्ध न्यायिक निकायले गरेको निर्णय उपर कानून बमोजिम पुनरावेदन सुन्ने, प्रदेश कानून बमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णय उपर पुनरावेदन सुन्ने अधिकार रहेको छ। त्यसै गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ बमोजिम गठित न्यायिक समितिबाट भएगरेका निर्णय उपर सोही ऐनको दफा ५१ वमोजिमजिल्ला अदालतमा पुनरावेदन गर्न पाउने व्यवस्था रहेको छ।

**च. <u>रिट निवेदन सुन्ने अधिकारः</u>-** नेपालको संविधानको धारा १५१ को उपधारा (१) र न्याय प्रशासन ऐन २०७३ को दफा ७(२) बमोजिम जिल्ला अदालतलाई बन्दीप्रत्यक्षीकरण, निषेधाज्ञा लगायत कानून बमोजिमका निवेदन हेर्ने अधिकार रहेको छ।

यस धादिङ जिल्ला अदालतको क्षेत्राधिकारको सन्दर्भमा फौजदारी अपराधसँग सम्बन्धित मुद्दाहरु, नेपालको संविधान, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ र दफा १६९ वमोजिम, न्याय प्रशासन ऐन, २०७३ को दफा ७ अनुसार कानूनमा व्यवस्था भएकोमा बाहेक यस अदालतको भौगोलिक क्षेत्रधिकार भित्र पर्ने सबै मुद्दामा शुरु कारबाही र किनारा गर्ने, यस जिल्ला अन्तर्गतका सबै अर्द्ध न्यायिक निकायले गरेका फैसला वा निर्णय उपर पुनरावेदन सुन्ने तथा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १५७ (२) र २५०(२) र मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ७३ अन्तर्गतको निवेदन सुन्ने र बन्दीप्रत्यक्षीकरण, निषेधाज्ञा लगायत कानून बमोजिमका निवेदन हेर्ने अधिकार रहेको छ। यिनै अधिकारको प्रयोग गर्दै छिटो छरितो, एवं निश्पक्ष न्याय सम्पादन गर्ने र न्यायमा जनताको सहज पहुँचको अवस्था सिर्जना गरी कानूनी शासनको प्रत्याभूति गर्ने प्रयत्न गर्दै न्यायपालिका प्रतिको जनआस्था अभिवृद्धि गर्न यस अदालतले आफ्नो जिम्मेवारीपूर्ण भूमिका निर्वाहगर्दै आएको छ।

मुद्दा व्यवस्थापन पद्धति विकाससम्वन्धी अध्ययन प्रतिवेदन, २०७५, सर्वोच्च अदालतको पूर्ण बैठकबाट अनुमोदन भएको छ। उक्त प्रतिवेदनमा सुझाव दिइए अनुरुप न्यापालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६-०८१) ले मिति २०७७/४/१ देखि सवै जिल्ला अदालत र उच्च अदालतमा फरक मुद्दा व्यवस्थापन पद्धति लागु गर्ने रणनीति अंगिकार गरी गत आर्थिक वर्ष देखि जिल्ला अदालतहरुमा फरक मुद्दा व्यवस्थापन (Differentiated Case Management-DCM) लागु भएको छ। संगठनमा उपलब्ध स्रोत र साधनलाई व्यवस्थित तरिकाले परिचालन गरी तोकिएको समयमा उच्चतम्

तथा गुणस्तरयुक्त नतिजा सहित निर्धारित लक्ष्य प्राप्त गर्ने प्रक्रिया नै फरक मुद्दा व्यवस्थापन हो। मुद्दा व्यवस्थापन मुद्दाको दर्ता देखि फैसला हुँदा सम्मको अवधिमा मुदामा गरिने सबै काम कारवाहीलाई व्यवस्थित ढङ्गबाट सञ्चालनका लागि अवलम्बन गरिने प्रकृया हो। यस व्यवस्थाबाट मुद्दाको काम कारवाही छिटो छरितो हुनुको साथै सेवाग्राहीले समेत आफ्नो मुद्दामा लाग्ने समय समेतको जानकारी पाउने हुँदा यो व्यवस्थाको पूर्ण रुपमा कार्यान्वयन भएमा न्यायपालिकाको गरिमा समेत वढ्ने भएकोले अदालतहरुमा दक्ष जनशक्ति, श्रोत र साधनको व्यवस्था गरी यो पद्धतिलाई व्यवस्थित बनाई न्यायपालिका प्रतिको जनविश्वास अभिवृद्धि गर्नमा मद्दत गर्नेछ।

हाल यस अदालतमा २ जना माननीय न्यायाधीशज्यूहरुबाट नियमित रुपमा न्याय सम्पादन हुदै आएको छ। मुद्दाको बढ्दो चाप र कार्यबोझको तुलनामा सीमित जनशक्ति तथा भौतिक स्रोत साधनका अतिरिक्त विश्वभरी फैलिएको कोभिड-१९ समेतले चालु आर्थिक वर्षमा स्थानीय प्रशासनद्धारा जारी निषेधाज्ञाको कारणले बन्दाबन्दीको अवस्था सृजना भई २०७७ साल साउनदेखि असोजसम्म र २०७८ साल बैशाख १६ गतेदेखि असार मसान्तसम्म मुद्दा फछ्यौंट लगायतका काम कारवाहीमा यस अदालततमा समेत प्रत्यक्ष असर परेको छ। यस अदालतमा कार्यरत माननीय न्यायाधीश श्री देवेन्द्र पौडलज्यूको कोभिड-१९ को सक्रमणबाट उपचारको क्रममा मिति २०७८/०२/२१ मा स्वर्गाहरण भएको कारणबाट यस अदालतका सम्पूर्ण कर्मचारीहरु मर्माहित भएको अवस्था छ। सम्मानित सर्वोच्च अदालतको वृहत पूर्ण इजलासको फैसलाले सो बन्दाबन्दीको अवधीलाई शुन्यको अवधी कायम गरेकोले बन्दाबन्दीमा न्याय सम्पादनको काम समेत अवरुद्ध भएको अवस्थाका बाबजुद पनि यस वर्ष योजना अनुसार हामीले राखेको लक्ष्य अनुसार प्रगती हासिल हुन नसकेपनि लक्ष्यको हाराहारीमा पुगेको, दण्ड जरिवाना असुली र फैसला कार्यान्वयन समेतको अवस्था सन्तोषजनक रहेको छ। यस अदालतले तर्जुमा गरेको वार्षिक कार्ययोजना मुताविक जिल्ला अदालत नियमावली, २०७५ अनुसार सम्पादन गरिनु पर्ने कार्यका साथै अदालत व्यवस्थापनलाई प्रभावकारी, चुस्त दुरूस्त, व्यवस्थित, पारदर्शी र विश्वसनीय बनाई न्यायिक काम कारवाहीमा शिघ्रता ल्याई सेवाग्राही एवं सम्पूर्ण जनताको अदालतप्रतिको जन-आस्था अभिवृद्धि गर्न यस अदालतमा कार्यरत माननीय न्यायाधीश तथा सम्पूर्ण कर्मचारीहरूको सामूहिक प्रयास एवं प्रत्यक्ष सहभागितामा आ-आफ्नो जिम्मेवारीलाई अनुशासित, कर्तव्यनिष्ठ र लगनशील भइ लक्ष्य प्राप्त गर्न सधै सक्रिय रहेको कुरा तथ्याङ्कबाट अवगत हुने नै छ।

## परिच्छेद-दुई


# मुद्दातर्फको समष्टिगत वार्षिक लगत र फछ्र्यौट विवरण


## २.१ न्यायपालिकाको चौथो रणनीतिक योजनाको कार्यान्वयनः


व्यवस्थापनको अवधारणा न्यायपालिकाको लागि नौलो विषय भएपनि नेपालमा न्यायपालिकाका कार्य पनि योजनाबद्ध रुपमा संचालन गर्दा व्यवस्थित र प्रभावकारी वनाउन आ.व.२०६०/०६१ बाट न्यायपालिकाले पञ्चवर्षीय रणनीतिक योजनाको शुरुवात गरी हाल तेश्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयन सम्पन्नभई चौथो रणनीतिक योजना २०७६/०८१ कार्यान्वयनको चरणमा रहेको छ। हाल फरक मुद्दा व्यवस्थापन प्रद्धती समेत लागु भएको हुँदा सो समेतलाई विचार गरी चालु चौथो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनका लागि यस अदालतले आफ्नो वार्षिक कार्यान्वयन योजना बनाई त्यस अनुसारको कार्य सम्पादन गर्दै  आएको छ। मुद्दा दर्ता देखि कार्यविधिगत चरणमा एक प्रकारको र कार्यविधि पूरा भएपछि फैसला र फैसला कार्यान्वयनको अवस्थासम्मको छुट्टै गरी कार्य योजना प्रस्ताव गरी जिम्मेवारी सरी आएका मुद्दालाई शत प्रतिशत र अब दर्ता भएका मुद्दाको हकमा ५०% सम्म फछ्र्यौट गर्ने योजना रहेको र यस अदालतले आफ्नो वार्षिक कार्यान्वयन योजना कार्यान्वयनका लागि गरेका कार्यहरुलाई बुँदागत रुपमा देहाय अनुसार प्रस्तुत गरिएको छ।

## २.२ आ.व. २०७७।०७८ को रिट तथा मुद्दा तर्फको कूल लगत र फछ्र्यौट विवरणः

| | | | |
|---|---|---|---|
| **अनुमानित लगत** | | | |
| **विषय** | **जिम्मेवारी सरेको** | **नयाँ दर्ता** | **कुल जम्मा** |
| **लगत लक्ष्य** | **६६०** | **६६६** | **१३२६** |
| **वास्तविक लगत** | | | |
| **लगत** | **६६०** | **७९१** | **१४५१** |
| **अनुमान गरेको भन्दा वढी दर्ता हुन आएको संख्या=१२५** | | | |
| **फछ्र्यौट** | | | |
| **विषय** | **फछ्र्यौट लक्ष्य** | **वास्तविक फछ्र्यौट** | **लक्ष्य भन्दा कम फछ्र्यौट** |
| **फछ्र्यौट** | **१०८६** | **६९६** | **३९०** |
| **यस आर्थिक वर्षमा भएको कुल फछ्र्यौट प्रतिशत= ४७.९६%** | | | |








यस अदालतमा आ.व. २०७७/०७८ मा ७९१ थान नयाँ मुद्दा दर्ता भएका र अघिल्लो वर्षबाट जिम्मेवारी सरी आएका ६६० गरी कुल जम्मा १४५१ थान मुद्दाहरूको लगत भएकोमा ६९६ थान फछ्यौंट भइ ७५५ थान मुद्दा आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सरी आएका छन्। यो लगत फछ्यौंट विवरण हेर्दा यस आ.व. मा कूल लगतको ४७.९६% (प्रतिशत) मुद्दा फछ्यौंट भएका छन्। यस अदालतमा दुई जना न्यायाधीशको दरबन्दी कायम भई कार्यरत रहेको यस अदालतमा मुद्दाको अनुपात प्रति न्यायाधीश सरदर ७२५ थान पर्न आउँछ भने फछ्यौंट तर्फ सरदर प्रति न्यायाधीश ३४८ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ। मुद्दा र रिट निवेदन तर्फको वार्षिक लगत फछ्यौंट र बाँकीको विवरण फाराम नं. १ मा र न्यायाधीशहरूको वार्षिक कार्य विवरण फाराम नं.२ मा उल्लेख गरिएको छ।

## २.३ रिट तथा मुद्दा तर्फको लगत फछ्यौंट सम्बन्धी ३ वर्षे तुलनात्मक विवरण :-

**तीन वर्षे तुलनात्मक विवरण**

| आ.व. | लगत | फछ्यौंट | बाँकी | फछ्यौंटप्रतिशत | बाँकी मध्येका २ वर्ष नाघेका मुद्दासंख्या |
|---|---|---|---|---|---|
| २०७५/०७६ | ११६८ | ७२५ | ४४३ | ६२.०७ | ० |
| २०७६/०७७ | ११४० | ४८० | ६६० | ४२.१० | ३ |
| २०७७/०७८ | १४५१ | ६९६ | ७५५ | ४७.९६ | ८२ |




न्यायपालिकामा रणनीतिक योजना लागु भएपछिको पछिल्लो ३ वर्षको कार्य प्रगति हेर्दा आ.व.२०७६/०७७ मा १ जना न्यायाधीशज्यूको दरबन्दी थप भई २०७६ पुष महिना देखि २ जना न्यायाधीश कार्यरत भएपनि यस अदालतमा न्यायाधीशको दरबन्दी अनुसार कर्मचारी पदपूर्ति हुन सकेको छैन। विश्वभरी फैलिएको कोभिड-१९ को महामारीको कारणबाट जारी निषेधाज्ञा २०७७ साल साउन देखि असोजसम्म र २०७८ साल बैशाख १६ गतेदेखि यस आ.व. सम्म नै जारी निषेधाज्ञाबाट असार मसान्तसम्म मुद्दा फछ्यौंट लगायतका काम कारवाहीमा प्रत्यक्ष असर परी मुलुकमा वन्दाबन्दीको अवस्था रहयो। यस अदालतमा कार्यरत तत्कालिन माननीय जिल्ला न्यायाधीश देवेन्द्र पौडलज्यूको कोभिड-१९ को संक्रमण भई सोही उपचारको क्रममा स्वर्गारहण भएबाट यस अदालतमा कार्यरत सम्पूर्ण कर्मचारीहरु मात्र नभई समग्र न्यायपालिकामा नै मर्माहित बन्नपुगेको छ। न्याय सम्पादन भएका दिनहरुमा भएको प्रगतीलाई हेर्दा वार्षिक कार्यान्वयन योजनाले निर्दिष्ट गरेको लक्ष्य भेटाउन नसकेपनि सो लक्ष्य हासिल गर्न पर्यत्नरत रहेको तथ्याकबाट देखिन्छ। तथापि कार्य दिनका हिसावले यस अदालतले सन्तोष जनक कार्य सम्पादन गर्न सफल भएको छ। जसलाई निम्नानुसार चार्टमा देखाइएको छ।

## २.४ मुद्दा दर्ताको स्थिति:-

विगत तीन आर्थिक वर्षको मुद्दा दर्ताको स्थिति हेर्दा प्रत्येक वर्ष मुद्दा दर्ता हुने क्रम बढ्दो अवस्थामा रहेको देखिएको छ। गत आ.व. २०७६/०७७ को तुलनामा यस आ.व.२०७७/०७८ मा १२५ थान बढी मुद्दा दर्ता भएको देखिन्छ।

## मुद्दा दर्ता तर्फको तीन वर्षेको तुलनात्मक विवरण

| मुद्दाकोप्रकार | आ.व.०७५/०७६ | आ.व.०७६/०७७ | आ.व.०७७/०७८ |
|---|---|---|---|
| **सरकारवादी फौजदारी** | २१३ | २२४ | २३२ |
| **दुनियावादी फौजदारी** | ८१ | ६९ | ७२ |
| **दुनियावादी देवानी** | ५८८ | ३९२ | ४७५ |
| **रिट** | ४ | १० | ४ |
| **अन्य** | - | - | - |
| **पुनरावेदन** | २ | २ | ८ |
| **जम्मा** | **८८८** | **६९७** | **७९१** |

आ.व. २०७६/०७७ मा ६९७ थान मुद्दा दर्ता भएकोमा आ.ब.०७७/०७८ मा ७९१ थान नयाँ मुद्दा दर्ता भई अघिल्लो आ.ब.भन्दा १२५ थान वढी मुद्दा दर्ता भएको देखिन्छ भने आ.ब.०७५/०७६ मा ८८८ थान मुद्दा दर्ता भई अघिल्लो आ.ब.भन्दा १९१ थान कम मुद्दा दर्ता भएको र आ.ब.०७६/०७७ मा ६९७ थान मुद्दा दर्ता भएको कोभिड-१९ को महामारी कारण जारी भएको निषेधाज्ञाले गर्दा बन्दाबन्दीको अवस्था सिर्जना भई विभिन्न अवरोध भएपनि मुद्दा दर्तामा अघिल्लो आ.ब. भन्दा १२५ थान मुद्दा वढी दर्ता भएको देखिन्छ। यस अदालतमा मुद्दा दर्ताको पछिल्लो ३ वर्षको तुलनात्मक अध्ययन गर्दा नयाँ मुद्दा दर्ताको क्रम क्रमिक बृध्दि हुँदै गएको देखिन्छ।

## २.५ विषय गत वर्गिकरणको आधारमा मुद्दाको स्थिति र फछ्र्यौटको विवरणः-


यस अदालतमा पर्ने मुद्दाहरूको विषयगत वर्गिकरणको आधारमा दायरी स्थिति हेर्दा यस आ.व. ०७७/०७८ मा कुल लगत १४५१ मध्ये सबै भन्दा बढी देवानी तर्फ सम्वन्ध विच्छेदको लगत ४२८ मा २८५ फछ्र्यौट भइ १४३ थान मुद्दा बाँकी रहेको देखिन्छ।फौजदारी मुद्दामा सबै भन्दा बढी जालसाजी मुद्दा रहेको छ। जसको लगत ७७ रहेकोमा सो मध्ये २० थान मुद्दा फछ्र्यौट भइ ५७ थान मुद्दा मात्र बाँकी रहेको देखिन्छ।

## २.६ मार्ग अनुसार मुद्दा तथा रिटको स्थिति र फछ्र्यौटको विवरणः

मुद्दा व्यवस्थापन पद्धति विकाससम्वन्धी अध्ययन प्रतिवेदन, २०७५, सर्वोच्च अदालतको पूर्ण बैठकबाट अनुमोदन भएको छ। उक्त प्रतिवेदनमा सुझाव दिइए अनुरुप न्यापालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६-०८१) ले मिति २०७७/४/1 देखि सवै जिल्ला अदालतमा फरक मुद्दा व्यवस्थापन पद्धति लागु गर्ने रणनीति अंगीकार गरी यस आर्थिक वर्ष देखि जिल्ला अदालतहरुमा फरक

मुद्दा व्यवस्थापन (Differentiated Case Management-DCM) लागु भएको छ। यस अदालतमा मार्ग अनुसारको मुद्दाहरुको लगत, फछ्यौंट र बाँकीको विवरण निम्नानुसार छ।

| सि.नं. | मार्ग समूह | जम्मा लगत | जम्मा फछ्यौंट | जम्मा बाकी |
|---|---|---|---|---|
| १ | सरल | ६३२ | ३०३ | ३२९ |
| २ | सामान्य | १४२ | २० | १२२ |
| ३ | विशेष | १७ | १ | १६ |





**आर्थिक वर्ष २०७७/०७८ देखि लागु भएको मार्ग अनुसारको मुद्दाहरु**

## २.७ कार्यविधिका आधारमा मुद्दाको वर्गिकरणः-

| कार्यविधि | लगत | फछ्यौंट | बाँकी | कैफियत |
|---|---|---|---|---|
| साधारण | १४०५ | ६७९ | ७२६ | |
| संक्षिप्त | ३२ | १२ | २० | |
| विशेष | ५ | १ | ४ | |
| रिट | ९ | ४ | ५ | |

यसको विस्तृत विवरण फाराम नं.२६ माउल्लेखगरिएकोछ।





## २.८ देवानी तथा फौजदारी मुद्दाको लगत र फछ्यौंट विवरण :-

यस आ.व.२०७७।०७८ मा यस अदालतमा परेका दुनियाँवादी देवानी, दुनियाँवादी फौजदारी, सरकारवादी फौजदारी, पुनरावेदन तथा रिट मुद्दाहरूको लगत फछ्यौंट स्थिति निम्नानुसार रहेको पाइन्छः

### देवानी, फौजदारी र रिटको लगत फछ्यौंट विवरणः

| मुद्दाको प्रकार | लगत | लगत प्रतिशत | फछ्यौंट | फछ्यौंट प्रतिशत | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| दुनियावादीदेवानी | ८१३ | ५६.०३% | ४४४ | ६३.७९% | ३६९ | |
| दुनियावादीफौजदारी | १४५ | ९.९९% | ४६ | ६.६०% | ९९ | अवहेलना समेत |
| सरकारवादीफौजदारी | ४७३ | ३२.५९% | १९७ | २८.३०% | २७६ | |
| पुनरावेदन | ११ | ०.७५% | ५ | ०.७१% | ६ | |
| रिट(बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञा) | ९ | ०.६२% | ४ | ०.४७% | ५ | |
| जम्मा | १४५१ | १००% | ६९६ | १००% | ६५५ | |




| | दुनियावादी देवानी | दुनियावादी फौज्दारी | सरकारवादी फौज्दारी | पुनरावेदन | रिट |
|---|---|---|---|---|---|
| लगत | ८१३ | १४५ | ४७३ | ११ | ९ |
| फछर्यौट | ४४४ | ४६ | १९७ | ५ | ४ |
| वांकी | ३६९ | ९९ | २७६ | ६ | ५ |


**लगत, फछ्यौंट र बाँकीको ग्राफ अनुसारको विवरणः**

यस आ.व. मा परेका देवानी र फौजदारी मुद्दाहरूको लगत फछ्यौंटको विवरण फाराम नं. १ र २ मा उल्लेख गरिएको छ। प्रस्तुत आ.व. ०७७।०७८ मा सरकारवादी फौजदारी मुद्दाहरू २८.३० प्रतिशत फछ्यौंट भएका छ भने दुनियाँवादी फौजदारी मुद्दाहरू ६.६० प्रतिशत र दुनियाँवादी देवानी मुद्दा ६३.७९ प्रतिशत, रिट तर्फ ०.४७ प्रतिशत पुनरावेदन तर्फ ०.७१ फछ्यौंट भएको देखिन्छ। यसरी जम्मा लगत १४५१ मध्ये ६९६ मुद्दा फछ्यौंट भइ फछ्यौंट प्रतिशत ४७.९६ प्रतिशत रहेकोछ।

## २.९ **मुद्दा फछ्यौंटको प्रकृतिः**

प्रस्तुत आ.व.मा तजविजी फैसला ३१० थान, मिलापत्र २०८ थान, खारेजी २० थान, मुल्तवी १८ थान, तामेली २ थान, डिसमिस ७३ थान, मेलमिलाप १८ थान र मुद्दा फिर्ता ४७ थान गरी यस अदालतबाट जम्मा ६९६ थान मुद्दा फछ्यौंट भएका छन्। ६९६ लाई १००% मान्दा फछ्यौंटको प्रकृति निम्नानुसार रहेको छः-

| मुद्दा फछ्यौंटकोप्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| तजविजी | ३१० | ४३.९५ % |
| मिलापत्र | २०८ | २९.५८% |
| खारेजी | २० | ००.२०% |
| मुल्तवी | १८ | ०१.८७ % |
| तामेली | २ | ००.४१% |
| डिसमिस | ७३ | ०६.२५ % |
| मेलमिलाप | १८ | ०३.७५% |
| मुद्दाफिर्ता | ४७ | १३.५४ % |
| जम्मा | ६९६ | १००% |




## २.१० बाँकी मुद्दाहरूको साल बसाली विवरणः-

प्रस्तुत आ.व. ०७६।०७७ बाट आगामी आ.व.मा जिम्मेवारी सरेका ६६० थान मुद्दा मध्ये ८२ थान अर्थात् १०.८६ प्रतिशत मुद्दाहरू २ वर्ष नाघेका छन्। सो २ वर्षे मुद्दाहरू मध्ये आ.व. ०७४।०७५ का ३ थान थान र आ.व. २०७५/०७६का ७९ थान मुद्दा बाँकी रहेको देखिन्छ। फछ्यौंट हुन बाँकी रहेका मुद्दाहरूको विस्तृत विवरण फाराम नं. २७ मा उल्लेख गरिएको छ।

## २.११ फुटकर निवेदन, निवेदन र कैफियत प्रतिवेदनः-

यस आ.व. ०७७।०७८ निवेदन प्रतिवेदन १ थान परेको र यस अदालतबाट ३६ थान मुद्दामा उच्च अदालत पाटनमा कैफियत प्रतिवेदन पठाएको र सर्वोच्च अदालतमा लिखित जवाफ ३ तीन पठाएको देखिन्छ। यस अदालतमा फुटकर निवेदन ५०७५ थान निवेदनहरु दर्ता भएको छ। दर्ताद्धारा विवाहको निवेदन परी विवाह दर्ता भएको छ भने मृत्युको न्यायिक घोषणा एक र दर्ताद्धारा विवाह दर्ताको चारवटा निवेदन परी दर्ता विवाह भएको छ।

## २.१२ मेलमिलाप सम्बन्धमाः-

जिल्ला अदालत नियमावली २०७५, को नियम ५२ बमोजिम मुद्दा मेलमिलाप गर्ने प्रयोजनका लागि मेलमिलाप केन्द्रमा यस अदालतबाट मेलमिलाप गराउनका लागि यस आ.व.२०७७/०७८ मा १४२ वटा मुद्दाहरू सिफारिस गरिएकोमा मेलमिलाप केन्द्रबाट १८ थान मुद्दाहरूमा मेल मिलाप गराउने कार्य सम्पन्न भएको छ। यस अदालतबाट यस आर्थिक वर्षमा फछ्र्यौट भएका ६९६ मुद्दाहरू मध्ये २०८ थान मुद्दामा यस अदालतबाट मिलापत्र भएको र १८ थान मुद्दाहरूमा मेलमिलाप केन्द्रको सिफारिसमा मिलापत्र भएको देखिन्छ। यो संख्या मिलापत्र भएका मुद्दाहरुमा १२.६७% मात्र हो भने कुल फछ्र्यौटको ०३.७५% हो। यस अदालतमा सूचीकृत मेलमिलाप कर्ता १६ जना रहेका छन्। यस वर्ष मेलमिलाप कर्ताहरुसँगको अन्तरक्रिया हामीले एक पटक गऱ्यौं। यस प्रकृयालाई अझ व्यापक बनाउनु पर्ने देखिन्छ। यस्ता कार्यक्रमहरुले मेलमिलाप प्रकृयामा रहेका समस्याहरुको पहिचान गरी त्यसलाई अझ प्रभावकारी बनाउन सहयोग गर्दछ।

## परिच्छेद-तीन

# प्रशासन व्यवस्थापन

### ३.१निरीक्षण

न्याय प्रशासन ऐन, २०७३ को दफा २१(१) बमोजिम उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री हरिप्रसाद भण्डारी ज्यूबाट मिति २०७७।१२।१७ गते देखि २०७७।१२।२० गतेसम्म यस अदालतको निरीक्षण कार्य भई प्राप्त निर्देशन पालना र कार्यान्वयनको क्रममा रहेको अवस्था छ।

### ३.२ पूर्णवैठक

यस अदालतको आन्तरिक काम कारवाहीलाई व्यवस्थित र चुस्तदुरूस्त बनाई कार्यसम्पादनलाई प्रभावकारी बनाई अदालत प्रतिको जनआस्था अभिवृध्दि गर्नका लागि यस अदालतका न्यायाधीशज्यूहरूको पूर्ण बैठक यस आर्थिक वर्षमा नियमित रुपमा बसी विविध विषयमा निर्णय भएको छ। विगत आ.व.मा वसेको पूर्ण बैठक र जिल्ला अदालत नियमावलीमा व्यवस्था भए वमोजिम यस अदालतको काम कारवाहीको सञ्चालन तथा व्यवस्थापनका लागि निम्नानुसारका समिति गठन गरिएको छः-

(१) अदालत व्यवस्थापन समिति

(२) जिल्ला न्यायक्षेत्र समन्वय समिति

(३) पुस्तकालय समिति

(४) योजना तर्जुमा तथा कार्यान्वयन समिति

(५) सूचना प्रविधि समिति

यी समितिहरूमा माननीय जिल्ला न्यायाधीशको संयोजकत्वमा जिल्ला न्यायाधीश र श्रेस्तेदार, तहसिलदार  लगायत अन्य कर्मचारीहरू समेत सदस्य रहेको र यी समितिहरूको कार्य विवरण समेत

तयार गरी सो तोकिएको कार्य विवरण बमोजिमका कामहरूको अलावा अन्य कार्य सञ्चालन भएको थियो भने यस आ.व.मा पनि उल्लेखित समितिहरुले नै निरन्तर रूपमा आफ्नो कार्यहरु गर्दै आएका छन्।

### ३.३ स्टाफ मिटिङ्ग

आन्तरिक समस्यालाई समाधान गर्ने उद्देश्यले न्यायाधीश, श्रेस्तेदार, तहसिलदार लगायतका सम्पूर्ण कर्मचारीहरूको नियमित रूपमा बैठक बसी छलफल गरी देखिएका समस्याहरू समाधान गर्ने र न्यायाधीशहरूको पूर्ण बैठकबाट भएका निर्णयहरू परि-पालना र कार्यान्वयन गर्ने गरिएको छ। यस आ.व.मा १३ पटक औपचारिक रुपमा कर्मचारी बैठक बस्यो भने अन्य धेरै पटक अनौपचारीक बैठक बसी अदालतका काम कारवाहीलाई प्रभावकारी र बार्षिक कार्यान्वयन योजनाको सम्बन्धमा छलफल गरिएको थियो। श्रेस्तेदारद्वारा तामेलदारहरू, मुद्दा फाँटमा कार्यरत कर्मचारीहरु र सबै कर्मचारीहरूसँग पटक पटक अदालतको काम कारवाहीको व्यवस्थापन र संचालनलाई प्रभावकारी तुल्याउन आ-आफ्नो जिम्मेवारी बोध गराई सेवा प्रवाहलाई प्रभावकारी बनाई अदालत प्रतिको जन आस्था अभिबृद्धि गर्न समय समयमा छुट्टा छुट्टै छलफल आयोजना गरी काम गर्ने गरिएको छ।

### ३.४ बार र सरकारी वकिल बीचको अन्तरक्रिया कार्यक्रमः

बेञ्च, बार तथा सरकारी वकीलका बिचमा यस आ.व.मा बिभिन्न समयमा गरी जम्मा ३ पटक बैठक बसी अदालतको काम कारबाहीलाई प्रभावकारी तुल्याउन र देखिएका समस्या समाधानका लागि आपसी सहयोग र समन्वय गर्ने समझदारी कायम भएको छ।

### ३.५ जिल्ला न्याय क्षेत्र समन्वय समितिको बैठकः-

जिल्ला अदालत नियमावली २०७५ को नियम ९७ उपनियम (१) मा उल्लेख भए बमोजिम अदालतको काम कारवाहीलाई सुव्यवस्थित ढँगले सञ्चालन गर्न र जिल्ला तहका न्याय क्षेत्रका विभिन्न निकायहरु बीचको काम कारबाहीमा समन्वय गरी न्यायपालिकाको रणनीतिक योजना, फैसला र आदेशको कार्यान्वयनका लागि सहयोग जुटाउन र अदालतको सुरक्षा व्यवस्थालाई समेत समन्वय गर्न जिल्ला न्याय क्षेत्र समन्वय समितिको गठन यस अदालतमा समेत भएको छ। सो समितिको यस आ.व.मा नियमित रुपमा वैठक वसी विविध विषयमा निर्णय गरिएको थियो।

### ३.६ अदालत व्यवस्थापन समितिः

जिल्ला अदालत नियमावली, २०७५ मा अदालतमा रहेका मुद्दा मामिला, इजलास, अभिलेख, सूचना, भौतिक तथा वित्तिय श्रोत जस्ता विषयहरुमा आवश्यक अध्ययन गरी व्यवस्थापन गर्न अदालत व्यवस्थापन समिति रहने व्यवस्था छ। यस आ.व.मा जम्मा २ पटक उक्त समितिको बैठक दसी विविध विषयमा निर्णय भएको अवस्था छ।

### ३.७ बाल इजलास सञ्चालनः-

बालबालिकाको मुद्दाहरु यस अदालतको एक नं. इजलासबाट हेरिने गरिएको छ । नवनिर्मित भवनमा वाल इजलासको छुटै व्यवस्था नभएको भएपनि बाल मैत्री इजलास संचालन गर्न पहल भई रहेको छ। वालबालिक सम्वन्धी मुद्दाहरुमा समाजसेवी तथा वालमनोविज्ञको सहयोग लिई फैसला गर्नु पर्ने हुँदा समाजसेवी तथा वालमनोविज्ञको मनोनयन गर्ने कार्यको थालनी भइ रहेको छ।

बालबालिका पक्ष भएका मुद्दाहरुको विवरण हेर्दा यस आ.व.२०७७।०७८ मा ४१ थान मुद्दाको लगत रहेकोमा १७ थान मुद्दा फछ्र्यौट भइ २४ थान मुद्दा बाँकी रहेको छ।

### ३.८ आन्तरिक निरीक्षणः-

मिसिलको आन्तरिक निरीक्षण हुन नसकी मुद्दाको अंग पु-याउने कार्यमा ढिलाई हुन जाने तथ्यलाई दृष्टिगत गरी २ वटा मुद्दा फाँट लगायत अभिलेख शाखा, प्रशासन शाखा, म्याद तामेली शाखा, अधिकृत वारिसनामा, योजना कार्यान्वयन समेतको पटक पटक निरीक्षण तथा अनुगमन गरी सुझाव र निर्देशन दिई रहेको अवस्था छ।

### ३.९ म्याद तामेलीमा प्रगतिः-

छिटो न्याय सम्पादन गर्ने कार्यलाई ढिलो एवं वेरितपूर्ण म्याद तामेली कार्यले असर पुऱ्याएको हुन्छ। सो कार्यलाई निराकरण गर्न अदालत प्रशासन सदैव अग्रसर भएको छ। यस अदालतमा ६ जना तामेलदारको दरबन्दी रहेको छ । यस अदालतको भौगोलिक अवस्था, बाटोको सुविधा र अति विकट हिमाली भाग समेत भएकोले नयाँ तामेलदारले उक्त स्थानमा गई काम गर्न कठिनाई भएको देखियो। करारमा रही स्थानीय कर्मचारीले काम गरी रहेकोमा सो पदमा स्थायी पदपूर्ति हुँदा करारका कर्ममचारीहरुले अवकाश पाएको अवस्था छ। यस अदालतमा कार्यरत ६ जना तामेलदार कर्मचारीहरूबाट सम्मानित उच्च अदालतपाटन र अन्य जिल्लाहरूबाट प्राप्त अरौटे म्याद ३५१ र यस अदालतबाट जारी भएका म्याद ६५२ यस आ.व. २०७७।०७८ मा प्राप्त जम्मा १००३ थान म्याद तामेलीका लागि प्राप्त भएकोमा ७०२ थान म्याद तामेली भै बाँकी ३०१ थान यस आ.बको लागी जिम्मेबारी सरी आएको छ। बढ्दो शहरी करणबाट सिर्जित समस्याहरुको कारणले शीघ्र रूपमा म्याद तामेल गराउन समस्या भएको छ। तथापी अदालत प्रशासनबाट म्यादको नियमित निगरानी, निर्देशन तथा तामेल्दार कर्मचारीहरुसंग भएको नियमित सम्वादले आगमी दिनमा म्याद तामेली कार्य छिटो छरितो एवं रितपूर्वक हुने कुरामा अदालत प्रशासन विश्वस्त छ।

### ३.१० म्याद थप, पक्राउ पुर्जी र कल डिटेल :

सरकारवादी फौजदारी मुद्दामा पक्राउ परेका व्यक्तिहरूलाई अनुसन्धानको क्रममा हिरासतमा राखी अनुसन्धान गर्ने गरी यस आर्थिक वर्षमा ९१७ वटा पक्राउ पुर्जी र कल डिटेल समेत ३१८ वटा गरी जम्मा १,२३५ वटा म्याद थप र अनुमती प्रदान गरिएको छ।

**३.११ अधिकृतवारेसनामाः**

गत आर्थिक वर्षमा यस अदालतबाट जम्मा १० थान अधिकृत वारिसनामा प्रमाणित भएकोमा यस आर्थिक वर्षमा ७ थान अधिकृत वारेसनामा प्रमाणित भएका छन्।

**३.१२ पुस्तकालयः**

यस अदालत भवनमा पुस्तकालय कक्ष रहेको छ, यही आर्थिक वर्ष देखि यस अदालतमा रहेको पुस्तकहरुलाई पंजिका वमोजिम राखी क्रम बद्ध तरिकाले राख्ने काम भएको छ । पुस्तकालयको लागि छुट्टै दक्ष जनशक्ति र पर्याप्त पुस्तकहरूको अभाव रहेको छ ।

**३.१३ वैतनिक कानून व्यवसायीको सेवाः-**

यस अदालतमा १ जना वैतनिक कानून व्यवसायीको दरवन्दी रहेको छ। वैतनिक कानून व्यवसायीबाट असहाय पक्षको तर्फबाट वहस पैरवी तथा कारागारमा रहेका थुनुवा कैदीको तर्फबाट वहस पैरवी समेतका कार्य हुने गरेको छ। यस आर्थिक वर्षमा वैतनिक कानून व्यवसायीबाट २१ थान लिखत तयार गरिएको, १७३ थान परामर्श सेवा प्रदान, बहस ५६ थान मुद्दामा र कारागार भ्रमण २९ पटक भएको देखिन्छ।

**३.१४ न्यायिक सम्वाद (Judicial outreach) कार्यक्रमः**

यस अदालतबाट अदालतको संरचना, न्यायिक काम कारबाही र प्रक्रियाका वारेमा जनसाधारणलाई जानकारी दिन र अदालतका कर्मचारी तथा काम कारबाहीप्रति जनताको गुनासो के रहेको छ भन्ने वारेमा जानकारी लिन तोकिए वमोजिम न्यायिक संवाद कार्यक्रम संचालन गर्ने गरिएको छ।

**३.१५ Meet The Judge कार्यक्रमः**

मुद्दाका पक्ष तथा सरोकारवालाहरुले मुद्दाको प्रक्रिया र कर्मचारीसँगको गुनासोका वारेमा न्यायाधीशसँग प्रत्यक्ष भेट गर्न पाउने गरी यस अदालतमा यस आ.व. मा Meet The Judge कार्यक्रम नियमित रुपमा गर्ने गरिएको छ।

### ३.१६ अदालतको सुरक्षा व्यवस्थापनः-

२०७२ सालको महा-भूकम्पले यस अदालतको पुरानो भवन भत्काई नयाँ भवनको निमार्ण भएकोमा उक्त भवनको मिति २०७७/१२/०२ गते सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यू बाट उद्घाटन भएको छ। यस अदालतको सुरक्षाको निमित्त माननीय न्यायाधीश स्व.देवेन्द्र पौडेलज्यूको पहलमा स्थानीय तहको सहयोगमा अदालतको मुल गेटमा प्रहरी बिट निर्माण भएको छ। यस अदालतको सुरक्षको लागि छुट्टै प्रहरी नभई जिल्ला प्रहरी कार्यालयबाट समन्वय गरी दैनिक एक जना प्रहरी आई सुरक्षा दिएको अवस्था छ ।

### ३.१७ सर सफाई तथा हेरचाह सम्बन्धी व्यवस्थाः-

अदालतको भवनमा रहेका शौचालय, धारा, बिजुलीको हेरचाह तथा फाँट, शाखा, इजलास, अभिलेख लगायतको सर सफाई तथा फूलवारीको काम छुटै व्यवस्था नभई यस अदालतमा कार्यरत कार्यालय सहयोगीबाट हुदै आएको अवस्था छ भने प्रत्येक शुक्रबार यस अदालतका सम्पूर्ण कर्मचारीहरु मिली अदालतको प्राङ्गण र फुलवारीको सर सफाई गर्ने गरिएको छ ।

### ३.१८ CCTV र Display Board

यस आर्थिक वर्षमा भवन निर्माण भई मिति २०७७/१२/०२ गते नवनिर्मित भवनको समुद्घाटन भई सोही भवनबाट कारवाही भईरहेको भएपनि हालसम्म **CCTV** जडान भएको छैन । तथापी CCTV जडान नगरी नहुने अवस्थामा छ । Display Board एक/एक वटा इजलास अगाडि र एउटा सवैले देख्ने गरी श्रेस्तेदारको कक्षको अगाडि भित्री बरण्डामा राखीएको छ।

### ३.१९ विद्युत आपूर्ति तथा फायर फाइटिङ्ग सम्बन्धीः-

यस अदालतमा विधुत लाइन जडान भएता पनि पटक पटक बत्ती जाने कारणले फैसला लेख्न, बयान, बकपत्र गराउन समस्या परेको छ। यस अदालतमा विधुतको विकल्पमा सोलार पावर जडान गरिएपनि सो सोलार पावरले पूर्णरुपमा काम नगरेकोले सो को मर्मत गराउनु पर्ने अवस्था रहेको छ। विधुतको आपूर्ति नियमित नहुँदा दैनिक विधुतीय माध्यमबाट काम गर्न समस्या रहेको छ । यस अदालततमा आगलागी नियन्त्रणको लागी ग्याँस माध्यमबाट आपत्तकालीन आगलागी नियन्त्रणको व्यवस्था गरिएको छ।

## ३.२० <u>मुल्तवी विवरणः</u>

यस आर्थिक वर्षमा जम्मा २४ थान मुद्दाको मुल्तबी जगाइएको छ। मुल्तवीका मुद्दाहरुलाई थप व्यवस्थित गर्न यस अदालतमा रहेको मुद्दा शाखा १ र २ लाई जिम्मेवारी दिइएको छ। मुल्तवी रहेका मुद्दाको लगत फछ्र्यौटलाई दृष्टिगत गर्दा अघिल्लो आ.व. २०७७।०७८ बाट ४० थान मुद्दा जिम्मेवारी सरी आएकोमा यस आ.व.मा १२ थान मुल्तवी रही जम्मा ५२ थान मुद्दा मुल्तवी रहेकोमा २४ थान मुद्दा मुल्तवीबाट जागी यो आ.व. मा २८ थान मुद्दा मुल्तवीबाट जगाउन बाँकी रहेको देखिन्छ।

## ३.२१ <u>थुनुवा विवरणः</u>

यस अदालतमा दायर थुनुवा भएका सरकार वादी फौजदारी मुद्दा मध्ये गत आर्थिक वर्षमा थुनुवा जिम्मेवारी सरेका थुनुवा भएका जम्मा ३४ मुद्दामा ५९ जना व्यक्ति थुनामा रहेकोमा यस आर्थिक वर्षमा जिम्मेवारी सरेका थुनुवा भएका जम्मा ८७ मुद्दामा १२१ जना व्यक्ति थुनामा रहेका छन्। जस मध्ये स्वदेशी पुरुष १०९, महिला १ र वालबालिका ४ तथा विदेशी पुरुष ३ रहेका छन्।

## ३.२२ <u>भौतिक सम्पत्तिको अवस्थाः-</u>

धादिङ जिल्ला अदालतका नाममा दर्ता श्रेस्ता रहेको धादिङ जिल्ला साबिक नीलकण्ठ गा.वि.स. वडा नं. ५ङ हाल नीलकण्ठ नगरपालिका वडा नं. ३ मा जम्मा पाँच कित्ता जग्गाहरू कित्ता नं. ३७,४२, ४६, ४७, र ६७ क्षेत्रफल क्रमशः१-९-१-२, ०-१५-०-२,०-६-०-०-०, ०-१२-०-२, र ०-५-१-२ गरी जम्मा ३-१५-०-० (तीन रोपनी पन्ध्र आना) क्षेत्रफलमा नवनिर्मित भवन अवस्थित रहेको छ। उपत्यकासँग सिमाना जोडिएको जिल्ला भएको नाताले अन्य पहाडी जिल्लाहरुको तुलनामा संख्यात्मक हिसावले कार्यचाप बढी भएको यसधादिङ जिल्ला अदालतवाट वार्षिक रुपमा एक हजार दुई सय भन्दा बढीमुद्दाहरु दर्ता भईरहेको यस अदालतमा दुई जना जिल्ला न्यायाधीश सहित कुल ४१ जना कर्मचारीको दरवन्दी रहेको छ।वि.स. २०७२ सालमा मुलुकमा आएको महा-विनाशकारी भुकम्पको कारण यस अदालतको भवन क्षतिग्रस्त भई कार्यालयको दैनिक कार्यसञ्चालन गर्न नसक्ने परिस्थिति सिर्जना हुँदा तत्काल निर्माण गरिएका अस्थायी टहराहरु मार्फत सेवा प्रवाह गर्दै आएकोमा सुविधा सम्पन्न भवन मार्फत जनतालाई छिटो छरितो र गुणस्तरीय न्याय प्रदान गर्ने उद्देश्यले निर्मित धादिङ जिल्ला अदालतको नवनिर्मित भवनको मिति २०७७ साल चैत्र २ गते सोमबारका दिन करिब ३०० जना अतिथिहरुको सहभागितामा प्रमुख अतिथिसर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूबाट शिलालेख अनावरण गरी समुद्घाटन सु-सम्पन्न भएको थियो। साथै अदालतत

भवन लिफ्ट समेत रहेको भएतता पनि नियमित रुपमा विधुत आपुर्ति नभएको कारणले सो लिफ्ट प्रयोग विकिन अवस्मा रहेको छ भने नव निर्मित अदालत भवन अपाङ्ग मैत्री रहेको छ।

**<u>उद्घाटनको फोटो</u>**




यस अदालतमा प्रयोगमा रहेका साधनहरु कार-१, कम्प्यूट डेस्कटप-१८, ल्यापटप-४, फोटोकपी १, प्रिन्टरचालु १३, स्क्यानर-५, प्रोजेक्टर-१, डिस्प्ले टि.भी.-५, सोलर पन्नल-७,जेनेटर-१, एसी-८,अफिस प्रयोजनका लागि टेलिफोन लाइन २ वटा रहेता पनि अधिकांस कम्प्यूटर, ल्यावटप, प्रिन्टर, स्क्यानर तथा जेनेरेटर विग्रिई काम नलाग्ने अवस्थामा रहेको छ।

## परिच्छेद- चार

# फैसला कार्यान्वयन

४.१**फैसला कार्यान्वयन सम्बन्धी निवेदनहरु** : विगो भराउने, अंश छुट्याउने र चलन चलाउने सम्बन्धमा फैसला कार्यान्वयनका लागि मुद्दा फैसला भई फैसला कार्यान्वयन यस शाखामा प्राप्त भएको लगत वमोजिम आवश्यक, प्रकृया पुरा गरी सम्बन्धित फिल्डमा कर्मचारी खटाई फैसला बमोजिम कार्य सम्पन्न गर्ने गरिएको छ। यस आ.व. २०७७/०७८ मा फैसला कार्यान्वयनका लागि ८३ थान लगत तथा दर्खास्त परेका र जिम्मेवारी सरी आएका ४० थान गरी जम्मा कूल लगत १२३ रहेकोमा ४९ थान अर्थात् ३९.८३ प्रतिशत फछ्यौंट भइ ७४ थान फैसला कार्यान्वयन क्रममा रहेका छन्। अघिल्लो आ.व. मा जम्मा ८२ थान दरखास्त परेकोमा यस वर्ष ८३ थान दरखास्त पर्न आएको देखिन्छ।

**मुद्दाको वर्गिकरण अनुसार यस आ.व. मा भएको फैसला कार्यान्वयनको तुलनात्मक विवरण:**




४.२. **जरिवाना तथा सरकारी विगोतर्फको लगत फर्छ्यौट विवरण:**

गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको जरिवाना रु. ६०८९२१५८.८३ र यस आर्थिक वर्षको लगत २६२३३४.०० गरी कूल जम्मा ६९५३९००६.८७ लगत भएकोमा रु.९०९२९३१.०० फर्छ्योट भइ रु. ६०४४६०७५.९४ बाँकी रहेको छ। दण्ड सजायको तीन वर्षे तुलनात्मक चार्ट निम्नानुसार छ:

| आ.व. | लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|
| आ.व. ०७५/०७६ | ५,४६,३१,०३२।१५ | १,२९,०६,५१५।७६ | ४,१७,२४,५१६।३९ |
| आ.व. ०७६/०७७ | ११,७०,७९,०१८।०० | ६,५०,०८,५४२।०० | ५,२०,७०,४७६।०० |
| आ.व. ०७७/०७८ | ६,९५,३९,००६।८७ | ९०,९२,९३१।०० | ६,०४,४६,०७५।९४ |

उल्लेख भए अनुसार गत आ.व.मा तुलनात्मक रुपले दण्ड जरिवाना असुल भएता पनि धादिङ जिल्ला विकट जिल्ला रहेको र अदालतमा ठूलो सवारी साधन उपलब्ध नभएकोले ठुलो सवारी साधन उपलब्ध भएमा दण्ड जरिवाना असुल उपरमा तिव्रता आउने कुरामा विशवस्त छ।

## ४.२.२ कैदतर्फको लगत फछ्र्योट विवरणः

कैदतर्फ गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएको १०७४।०६।१२ यस वर्ष कसिएको ७४५।०६।०१ समेत जम्मा कैद १८२०।००।१३ वर्ष रहेकोमा ८९२।०५।०४ वर्ष फछ्र्योट भइ ९२७।०७।०९ वर्ष बाँकी रहेको छ।तीन वर्षे तुलनात्मक चार्ट निम्न अनुसार रहेको छ।

| आ.व. | लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|
| आ.व. ०७५/०७६ | १८२६।०८।०४ | ७५२।०१।२२ | १०७४।०६।१२ |
| आ.व. ०७६/०७७ | १८२०।००।१३ | ८९२।०५।०४ | ९२७।०७।०९ |
| आ.व. ०७७/०७८ | ११७६।६।१७ | १६३।३।२ | १०९२।९।१४ |

## ४.३ तहसिलका जिन्सी सामान व्यवस्थापन सम्बन्धमाः

यस अदालतमा बिभिन्न मुद्दाहरूमा दाखिल भएका दशी प्रमाणका सामानहरू जिन्सी कितावमा आम्दानी बाँधी रेकर्ड अधावधिक रुपमा राख्ने गरिएको छ। बिगत वर्षदेखि नै दशीका जिन्सी सामानहरूको व्यवस्थापन गर्ने क्रममा लिलाम, फिर्ता, हस्तान्तरण, नष्ट गर्ने कार्य गरी आईएकोछ। यस आ.व.२०७६/७७ मा जिन्सी व्यवस्थापन अन्तर्गतका देहायका कार्य सम्पन्न गरिएकोछ।

### क.लिलाम सम्बन्धी कार्यहरूः

लिलाम गर्न मिल्ने प्रकृतिका जिन्सीमा आम्दानी वाँधिएका सवारी साधन लिलाम गर्न जिल्लामा प्राविधिक कर्मचारी नभएकोले काठमाण्डौ तथा हेटौडाबाट वोलाउनु पर्नेहुँदा प्राविधिक सरल तरिकाले उपलव्ध हुन नसक्दा सवारी साधनको प्राविधिक मूल्याङ्कन गर्न कठिनाई भै लिलाम कार्य नै अवरुद्ध भै रहेको भएता पनि हाल जिन्सी लिलामीको लागि प्रकृया अगाडी वढाइएको छ।

### ख. <u>जिन्सी सामानहरू कम्प्युटरमा ईन्ट्रि गरिएको जिम्मा लगाईएको विवरण</u>।

गत आ.व.मा मुद्दाहरूमा प्राप्त सम्पूर्ण जिन्सी सामानहरू कम्प्युटरमा दर्ता गरिएको अवस्था छ।

मिति २०७६/११/२१ गतेको निर्णय बमोजिम रक्त चन्दन लगायत अखेटोपहार जन्य समानहरु डिभिजन वन कार्यालय धादिङमा जिम्मा लगाईएको र हातहतियार मुद्दामा प्राप्त हुन आएका पेस्तोल गोली र खोका जिल्ला प्रहरी कार्यालय धादिङमा जिम्मा लगाईएको ।

### ग. <u>नष्ट गरिएको सामानहरूको विवरणः-</u>

आ.व.मा २०७० मंसिर महिना देखि २०७६ साल आषाढ मसान्त सम्मका जिन्सीमा आम्दानी बाँधीएका सामानहरू मध्ये कानुन बमोजिम नष्ट गर्नु पर्ने, सडाउनु पर्ने सम्पूर्ण सामानहरू मिति २०७६/०३/१८ गते बमोजिम नष्ट एवं सडाई सकिएको र यस आ.व.मा सडाउने काम प्रकृयामा रहेको छ।

### ४.४ लगत व्यवस्थापन सम्बन्धमाः

- पुरानो लगत किताववाट नयाँ लगत कितावमा सारिएका लगतहरुलाई पुरानो तथा नयाँ लगत कितावमा भिडाई रुजु गरी अद्यावधिक गरिएको छ।
- इन्ट्री गरीएको लगतलाई लगत किताब र सक्कल मिसिलसँग भिडाई लगत अद्यावधिक तथा व्यवस्थित गर्ने कार्य शुरु गरीएको छ।
- यसरी लगत अद्यावधिक गर्दा लगत सफ्टवेयर डाटामा समेत अद्यावधिक गरिएको छ।
- यस अदालतमा हाल रहेका लगतलाई अभिलेखमा रहेका मिसिलहरुसंग भिडाई प्रत्येक लगत र सम्बन्धित मिसिल रुजु गर्ने कार्यलाई निरन्तरता दिने कार्य भइरहेको छ।
- कर्मचारीहरुले कार्यालय समय भन्दा बाहेक विहान वेलुका र सार्वजनिक विदाको दिनमा काम गर्नु पर्ने भएकाले खाना खाजा र अन्य आवश्यक सामाग्रीका लागि आवश्यक रकमको निकाशा हुनु पर्ने अवस्था छ।
- थुनामा रहेका र लगत कायम भएका व्यक्तिका नाममा लगत बमोजिम केही कैदीपूर्जी जारी गर्न बाँकी रहेको देखिँदा सो कार्यलाई प्राथमिकता दिनुपर्ने भएकाले कार्यालय समय बाहेकको समयमा समेत सोकार्य गर्ने गरिएकोमा आगामी वर्षमा पनि सो कार्यका लागि विशेष अभियान संचालन गर्नु पर्ने अवस्था छ।
- विभिन्न अदालतको फैसलाले जफत हुने ठहरेको जग्गाहरुलाई लिलामीको प्रकृया अगाडि वढाउन स्पष्ट विवरण सहितको लिलामको कार्यलाई प्राथमिकता दिनु पर्ने अवस्था छ।

- दण्ड जरिवाना लागेका व्यक्तिको लगत कस्दा केही लगतमा प्रतिवादीले धरौटी राखेकोमा सो धरौटीबाट जरीवाना कट्टा गर्ने वा नगर्ने फैसलामा केही पनि नखुलेको रप्रतिवादी थुनामा नै रहेको भनी लगत कितावमा उल्लेख भएको तर कुन मिति सम्म थुनामा वस्नु पर्ने हो ? सो नखुलेकाले लगतमा द्विविधा तथा अस्पष्टतारहेकाले त्यस्ता लगत कट्टा सम्बन्धमा केन्द्रीय स्तरबाटै स्पष्ट नीति वनाइनु पर्ने देखिन्छ।

## ४.५ अन्यः

- प्रत्येक मिसिलहरु निरीक्षण गरी शिघ्रतापूर्वक कार्य सम्पन्न गर्ने प्रयत्न गरिएको छ।
- निवेदनहरु हरेक विहिवार पहिलो प्राथमिकता दिई पेशी सूचीमा चढाई इजलास समक्ष पेश गर्ने गरीएको छ।
- सेवाग्राहीको गुनासो र उजुरीको तुरुन्त सुनुवाई गरी निकासा दिइएको छ।
- माथिल्ला अदालतका आदेशानुसार माग भएको लिखित जवाफ र कैफियत प्रतिवेदन समयमै पठाउने गरिएको छ।
- शिघ्र कार्य फछ्र्योटको निमित्त सेवाग्राहीहरु तथा सम्बन्धित कानून व्यवसायीहरुसँग समेत छलफल गरी फैसला कार्यान्वयन गर्न सकिने उपायहरुको खोजी गर्ने कार्य गरिएको छ।
- प्रत्येक शुक्रबार डोर फिल्डमा कर्मचारी खटाइने गरिएकोले फैसला कार्यान्वयनका क्रममा परेका निवेदन फछ्र्यौंटलाई प्रथमिकता दिइने गरिएको छ।

परिच्छेद- पाँच

# अभिलेखव्यवस्थापन

## ५.१ अभिलेखव्यवस्थापनसम्बन्धी:

| गतवर्ष सम्मको मिसिल संख्या | यो वर्ष थप मिसिल संख्या | जम्मा मिसिल संख्या | कम्प्यूटरमा इन्ट्री भएको मिसिल संख्या | कम्प्यूटरमा इन्ट्री नभएको मिसिल संख्या | दराजमा राखिएको मिसिल संख्या | दराज बाहिर रहेको मिसिल संख्या | अभिलेख रहेको शुरुको वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३०९८७ | २७२ | ३१२५९ | २८६५ | २८३९४ | ३१२५९ | नरहेको | १९८० | |

**(क)** सफ्टवेयरमा इन्ट्री भएको मिसिल संख्या - २८६५

**(ख)** एक्सलमा इन्ट्री भएको मिसिल संख्या - x

**(ग)** यस आर्थिक वर्षमा यस अदालतको भवनको ठुलो कोठामा अभिलेख राख्ने काम भएको छ। स्क्यानर नभएका हुदा सवै मिसिलहरु र्‍याकमा राख्ने काम भएको छ। धादिङ जिल्ला अदालतका १९८० साल देखिको मुद्दाहरु रहेको छन । मिसिलहरुको फैसला सालको आधारमा छुट्याई राखिएको छ। तथापी मिसिल राख्ने कागजको बाक्सको अभावमा अभिलेख व्यवस्थापन सम्वन्धी कार्य प्रभावित हुने अवस्था छ।

**(घ)** यस आ.व. मा भएका फैसलाहरुको अभिलेखमा दर्ता भइरहेको नयाँ भवन भए पनि कोठा सानो भएकोले यस आर्थिक वर्षमा भूइ तलामा रहेको ठुलो कोठामा मिसिलहरु राख्ने काठको र्‍याक बनाई अभिलेखका मिसिलहरु पुरानो ठाउँबाट नयाँ ठाउँमा राखीएको छ।

## परिच्छेद-छ

# समस्या र सुझावहरु

## मुद्दा तर्फ

१. नवनिर्मित भवनमा बाल इजलास, बन्द इजलास, आधुनिक सूचना प्रविधि कक्ष, मेलमिलाप लगायतका कामहरु व्यवस्थापन भएपनि सेवाग्राहीलाई सेवा दिनका लागी झ्यालमा रहेको ग्रील र झ्यालका शिशाहरुले गर्दा सेवा दिन असुविधा भएको छ भने झ्यालबाट सेवा दिदा सेवाग्राहीलाई घाम र पानीबाट ओत लिनसक्ने सेडको व्यवस्था नभएकोले समस्या उत्पन्न भइ रहेको छ। काउण्टरमा सेडको यथाशिघ्र व्यवस्था हुनुपर्ने देखिन्छ।

२. यस आर्थिक वर्षमा १ जना न्यायाधीशको दरबन्दी भएकोमा थप भएको न्यायाधीशको दरबन्दी अनुसार अन्य कर्मचारीहरुको पदपूर्ति हुन नसकेको र ३/३ महिनामा काज हुने हुँदा काम गर्न कठिनाइ उत्पन्न भई योजनाबद्ध रुपमा कार्य गर्न सकिएको छैन ।

३. आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने क्रममा कम्प्युटर प्रयोग गरी छिटो छरितो कार्य गर्न अझै कम्प्युटर र अरु साधन श्रोतको जरुरी रहेको छ।

४. कतिपय पुराना कार्यहरु जस्तै जिन्सी व्यवस्थापन, कैद जरिवानामा दशी स्वरुप प्राप्त जिन्सी सामान, अदालतका पुराना जिन्सी सामान, लगत र असुली, मुल्तबी मुद्दाहरुलाई टुङ्गयाउने कार्यलाई पनि यथासमयमा नै सम्पादन गर्नुपर्ने हुँदा सोका लागी आवश्यक पर्ने जनशक्ति लगायतका श्रोत साधनको अभाव भएको।

५. गत वर्ष देखि फरक मुद्दा व्यवस्थापन प्रणाली लागु भएको छ । सो व्यवस्थापन अनुसार सरल मार्ग, सामान्य मार्ग र विशेष मार्गमा मुद्दा छुट्याई समयमा मुद्दा व्यवस्थापन गर्नु पर्नेमा दक्ष जनशक्तिको अभाव र दरबन्दी अनुसारको कर्मचारी नभएकोले उक्त फरक मुद्दा व्यवस्थापन गर्न चुनौती रहेको छ ।

## समस्या समाधानका उपायहरुः

१. सुविधा सम्पन्न भवन भएपनि सोही वमोजिम काउण्टर, सेवा दिने झ्यालहरुमा शेड आदि अभाव हुँदा झ्यालबाट सुविधा लिने व्यवस्था गरेपनि सेवाग्राहीलाई घाम र पानीबाट जोगाउन मिल्ने खालको छानो सहितको शेड निर्माण गर्ने व्यवस्था गर्नु पर्ने देखिन्छ।

२. यस अदालतमा कायम भएको थप दरबन्दी अनुसारको कर्मचारीहरुको पदपूर्ती गर्नु पर्ने वा सो दरबन्दीमा करारमा पदपूर्ति गर्न सहमती दिई करारको कर्मचारी भर्ना गर्नु पर्ने देखिन्छ ।

३. सूचना प्रविधिमा आवश्यक पर्ने भौतिक सामाग्री र जनशक्ति माग भए बमोजिम उपलब्ध हुनुपर्ने अवस्था छ।

४. नयाँ भवन निर्माण भएकोले सो भवनको व्यवस्थापन र सर सफाईको लागि उचित स्रोत साधन तथा जनशक्तिको व्यवस्था हुनु पर्ने देखिन्छ।

५. प्रत्येक बर्ष मुद्दा संख्याको बढोत्तरी भई रहेको र यस अदालतमा २ जना न्यायाधीशको दरबन्दी कायम भएकोले सोही अनुसार थप जनशक्ति आवश्यक हुने भएकोले थप जनशक्ति तथा स्रोत साधन आवस्यक पर्ने भएको छ।

## तहसिल तर्फ

## फैसला कार्यान्वयनमा देखा परेका समस्या तथा समस्या समाधानका उपायहरुः

- फैसला भएपछि कार्यान्वयनमा पनि शुरु मुद्दा गर्दा कै प्रकृया म्याद/सूचना जारी गर्नुपर्ने कानूनी व्यवस्थाले र निवेदन कार्यान्वयनका चरणमा पनि मुद्दाका पक्षहरुले तहसिलदारको आदेशउपर प्राय मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २५० बमोजिमको निवेदन दिने र कतिपय अवस्थामा तत्पश्चात पनि उच्च अदालत तथा सर्वोच्च अदालतमा रिट क्षेत्र अन्तर्गत निवेदन दिनाले फैसला कार्यान्वयनको कार्यमा ढिलाई हुने हुदाँ त्यस्ता कानूनी ब्यवस्थालाई समयानुकुल परिमार्जन गर्नेतर्फ ध्यान दिइनु पर्ने। जसबाट मुद्दा ढीलो गर्ने परिपाटीमा कमी आउन सक्दछ।
- अंशवण्डा छुट्याउँदा वा दर्ताफारीमा वा लिखतवदरमा वादी प्रतिवादीको हक हिस्सा छुट्याँउदा लामो आकारको जग्गाको वाटोको निकास चौडाईतर्फ रहेको अवस्थामा जग्गाको भोग समेतलाई विचारगरी सोही जग्गाबाट वाटोको निकास समेत निकाली फैसलाबमोजिम नरमकरम मिलाई तहसिलदारले घरजग्गा छुट्याउन सक्ने कानूनी व्यवस्था गरिनु पर्ने।

- फैसला कार्यान्वयनसँग सम्बन्धित कर्मचारीलाई तालीमको अभाव भएकाले त्यस काममा खटिने कर्मचारीलाई नापी सम्बन्धि तालिम दिई विशेषज्ञता र अनुभवको आधारमा कर्मचारी व्यवस्थापन गर्नुपर्ने।
- फैसला कार्यान्वयनको क्रममा फिल्डमा खटिने कर्मचारीलाई यातायात खर्चको व्यवस्था गरिनु पर्ने।
- चलन चलाउँदाको अतिरिक्त खर्च जस्तै घर भत्काउँदा लाग्ने खर्च, सामान ढुवानी गर्दा लाग्ने खर्च, ज्यामी खर्च, यातायात खर्च जस्ता कुरा पक्षले व्यहोर्न नचाहेमा वा नसकेमा के गर्ने भन्ने कानूनी व्यवस्थाको अभाव रहेको छ। जसको कारण त्यस्ता कतिपय कार्य जो तुरुन्तै गर्न सकिने प्रकृतिका भए पनि नीतिगत अस्पषटताका कारण लामो समयसम्म त्यसै रहने अवस्था हुन सक्दछ।
- दुनियाको विगो वापतमा देखाइएको प्रतिवादीको जेथा अन्य व्यक्ति वा वित्तिय संस्थाबाट रोक्का रहने गरेकोमा सो जेथाबाट पहिलो रोक्कावाला र दोस्रो व्यक्तिको समेत विगो असूलउपर हुन सक्ने भएमा लिलाम गरी असूलउपर गर्न मिल्ने नमिल्ने सम्बन्धमा कानूनमा स्पष्टता नभएकाले यदी विगोले खामेसम्म अघिल्लो रोक्काको विगो समेत खामी पछिल्लो रोक्कावालाको विगो असूलउपरका लागि कारवाही चलाउन सक्ने कानूनी व्यवस्था हुनु पर्ने।

**<u>दण्ड तथा जरीवाना तर्फका समस्याहरुः-</u>**

- कैद दण्ड जरिवाना लागेका कतिपय व्यक्तिको वतन, तीनपुस्ते र हुलिया प्रष्ट नहुँदा दण्ड, जरिवाना लागेको व्यक्तिको वतन पत्तालगाउन र पहिचान गर्नमा कठीनाई परेको हुँदा मुद्दा चल्दाकै अवस्थामा सोतर्फ ध्यान दिनुपर्ने।
- कैद जरिवाना असूलउपरका लागि आवश्यक भौतिक तथा आर्थिक स्रोत साधनको समेत कमी रहेकाले सोतर्फ विशेष ध्यान दिनु पर्ने।
- फैसला कार्यान्वयनको क्रममा दिइने निवेदन पश्चात् जारी हुने सूचना म्यादहरु र घर जग्गा जस्ता चलन चलाउनु पर्ने भौतिक वस्तुहरु खाली गर्न दिइने सूचना म्याद लामो हुने भएकाले सोमा पुनरावलोकन गरिनु पर्ने।
- वण्डा विगो मुद्दामा तहसिल कर्मचारीहरुलाई डोर जाँदा भ्रमण आदेश स्वीकृत हुने र फिल्डभत्ता पाउन नसकेको अवस्था रहेको ।
- मार्ग दर्शक निर्देशिकाको अभावमा दशी तथा जिन्सी सामानहरुलाई वर्गीकरण गरी व्यवस्थित तवरले राख्न समस्या परेको,
- लिलाम तथा नष्ट गर्नु पर्ने सामान नष्ट गरी जिन्सी व्यवस्थापन गर्न मुद्दा अन्तिम भए नभएको पत्ता लगाउन समस्या रहेको,
- जिन्सी सामानहरु मध्ये सुन, चाँदी, पुरातात्विक महत्वका चिज वस्तुहरुको व्यवस्थापन गर्न स्पष्ट कानून नियमको अभाव रहेको।

- विभिन्न अदालतको फैसलाले जफत हुने ठहरेको जग्गाहरुलाई लिलामीको प्रकृया अगाडि वढाउन स्पष्ट विवरण प्राप्त नभएकोले लिलाम कार्यलाई अगाडी वढाउन यन नसकिएको।
- दण्ड जरिवाना लागेका व्यक्तिको लगत असुल गर्दा तीन पुस्ते नखुलेको फैसला गर्ने अदालत नखुलेको वतन समेत स्पष्ट नभएका लगत मुलुकी फौज्दारी कार्यविधी संहिता २०७४को दफा १६० ले मार्ग प्रसस्त गरेको निर्देशिका २०७५ को दफा ३० वमोजिम जरिवानालाई कैदमा परिणत गरी लगत कट्टा गर्न  पेश गर्ने सम्वन्धमा ऐनमा नै व्यवस्था नभएकोले लगत कट्टा गर्न रणनितीक योजना वमोजिम कट्टा गर्न कठिन भएको ।

**समाधानका उपायहरुः**

दशी तथा जिन्सी सामानहरुलाई वर्गीकरण गरी व्यवस्थित गर्न सर्वोच्च अदालतबाट मार्ग दर्शक निर्देशिकाको व्यवस्था हुनु पर्ने,

- जिन्सी सामानहरु मध्ये मुद्दा अन्तिम भएका सुन,चाँदी नेपाल राष्ट्र बैंक मार्फत लिलाम बिक्री गर्ने र पुरातात्विक महत्वका वस्तुहरुलाई पुरातत्व विभागमा पठाउने व्यवस्था गर्नु पर्ने अवस्था छ।
- कर्मचारीको अभाव भएकोले थप दरवन्दीको व्यवस्थापन गर्नु पर्ने अवस्था रहेको छ।
- धादिङ जिल्ला हिमाल तथा अति विकट पहाडी क्षेत्र भएको हुँदा यस क्षेत्रमा पर्ने बाटोहरु कच्ची भई फिल्ड जान समस्या रहेको कारण ठुलो गाडी नभएकोले ठुलो गाडीको व्यवस्था भएको खण्डमा दण्ड जरिवाना तथा डोर काम कारवाही समयमा हुने भएकोले ठुलो गाडीको व्यवस्था गर्ने पर्ने अवस्था रहेको छ।

**अनसूची-२**

परिच्छेद -सात

# फारमहरु-